# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख ५ गते २०१२ साल

## भाग ४

### खाद्यमन्त्रालयको विज्ञप्ति

का. खा. हब १०५।७०।०११ २१।१२।०११

श्री ५ महाराजाधिराजबाट खाद्यान्न सस्तो गराउनलाई उठाइबक्सेको कदम बिषय श्री ५ को सचिवालय र खाद्यमन्त्रालयबाट बराबर भएको बिज्ञप्तिबाट जनतामा विदितै भएको छ। त्यस योजना–अन्तर्गत हाल काठमाण्डू र ललितपुरमा बिदाको दिनबाहेक धान मोरु १ को १। पाथिको दरले वार्ड मिलाई ३२ अखडामा वितरण भैरहेको छ। उपरोक्त धान पाउने कामको साथ साथै वैशाख १ गतेदेखि काठमाडौं इलाकामा असन–१, भोटाहिटी–१, इन्द्रकोक– १, काठमाडौं मरुटोल– १, दिल्लीबजार–१. पाँच ठाउँमा बिहान २ घण्टा र बेलुकी २ घण्टा स्थानीय एक एक पसलबाट मोरु १ को ४ माना चामल बिक्री हुनेछ । यो चामल



३२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीय टोलसंघ र सरकारी साक्षीको रेखदेखमा १ जनालाई जहान हेरी मोरु २। रुपैयाँसम्मको दिइनेछ। यस किसिमको पसल बढाउँदै लगी चाँडैनै ललितपुर र भक्तपुरमा समेत धेरै ठाउँमा खोलिनेछ।

अब यो चामल रोजिन्दै स्थानीय पसलबाट बिक्री हुने हुँदा अरु किसिमको अनुचित फाइदा उठाउने नगर्नुहोला र पसलमा भिड लगाई यस उद्देश्यलाई बिफल नगर्नुहोला।

बराबर बढाउँदै गएको पसलको टोल इलाका खोली विज्ञप्ति हुँदै जानेछ।

आज्ञाले—
देवीप्रसाद गिरी,
का. मु. सेक्रेटरी—खाद्यमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।